For Children, With Children

# सिविन-नेपालको
# सुशासन, ह्विसल ब्लोइङ्ग र गुनासो सुनवाई
# नीति र प्रक्रिया

सिविन-नेपाल, नेपालको पहिलो बालअधिकारमुखी संस्था हो जसले सिर्जनशील भएर प्रत्यक्ष रूपमा बालबालिकाका लागि र बालबालिकासँग काम गर्दछ र राष्ट्रिय नीति निर्माणका लागि पैरवी गर्दछ । सिविन-नेपालको इमान्दार प्रतिवद्धता, सुशासन र असल आचरण सहितको उत्कृष्ट ट्र्याक रेकर्ड रहँदै आएको छ । नेपालमा बालअधिकारको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै गर्दा, जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षणमा काम गर्दै गर्दा विभिन्न चुनौतिहरुको समेत सामना गर्नु पर्ने हुन्छ । यसर्थ सिविन-नेपालका संरचनाहरु तथा कर्मचारी एवं कार्यकारीणी सदस्यहरुले निकै प्रतिवद्ध तथा अनुशासित भएर सिविनका कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गर्नु पर्दछ । संस्थाको सुशासनलाई कायम राख्न सिविनले सुशासन, ह्विसल ब्लोइङ्ग र गुनासो सुनवाई नीति तय गरेको छ ।

## १. नीति

- सिविन-नेपालले आफ्नो आन्तरिक व्यवस्थापन, बाल संरक्षण र सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण, कार्यक्षेत्रमा यौन दुर्व्यवहार, भ्रष्टाचार विरुद्ध र सुशासनका आवश्यक नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइरहेको छ । संस्थासँग कर्मचारी तथा कार्य समिति सदस्यहरूका लागि छुट्टै आचार संहिता पनि तर्जुमा गरेको छ ।
- सिविनको मूल मान्यताहरू र लैङ्गिकतामा आधारित हिंसा, बालबालिका विरुद्धको हिंसा, धोकाधडि तथा भ्रष्टाचार, संस्थाका नीतिहरूको उल्लंघन जस्ता शून्य सहनशीलताका पक्षहरूलाई आत्मसात् गर्नका लागि सिविन कार्य समिति सदस्य, कर्मचारी तथा स्वयम् सेवकहरूसँग लगायत संस्थासँग आवद्ध सबै मानिसहरू जिम्मेवार छन् । सिविन आवद्ध सबैले संस्थाको मूल्यमान्यता विरुद्ध कसैले काम गरेका देखेमा वा थाहा पाएमा अनिवार्य रूपमा संस्थामा जानकारी दिनु पर्दछ ।
- सिविनको ह्विसल ब्ल्बोइङ्ग नीतिले सबै सरोकारवाला, कर्मचारी, स्वयम्सेवक तथा अधिकारका धारक/लक्षित समुदायलाई कसैको आचारण र व्यवहार संस्थाको आचार संहिता र नीति विरुद्ध लागेको अवस्थामा आफ्नो सरोकार देखाउन प्रोत्साहित गर्दछ ।
- सिविन-नेपालले बालबालिका तथा किशोरकिशोरीहरुसंग प्रत्यक्षरुपमा समुदायमा वा बालहेल्पलाइनहरुमा वा आफ्ना आवधिक केन्द्रहरुमा काम गर्दा आफ्नो जवाफदेहिता कायम गर्न बालबालिकाको सशक्तिकरण गर्दै उनीहरुलाई
  अधिकारधरणकर्ताको रुपमा सम्मान गर्दै सिविनका सबै कर्मचारी र स्वयंसेवकहरुलाई सही आचरण पालना गर्दै बालबालिकाप्रति सम्मानजनक व्यवहार गर्न समेत निर्देश गर्दछ ।
- यसबाट सिविन-नेपालले आफ्नो विश्वसनीयता कायम राख्न र आफ्ना लक्षित वर्गप्रति जिम्मेवार रहन योगदान पुग्दछ ।

## २. सिविन-नेपालको परिवेशमा ह्विसल ब्ल्बोइङ्ग

- ह्विसल ब्ल्बोइङ्ग अन्तरगत निम्न लिखित अवस्थामा सिविन-नेपालको कार्य समिति र व्यवस्थापनमा रिपोर्टिङ्ग तथा जानकारी दिनु पर्दछ,

- बालबालिका तथा उनीहरूको अधिकारसँग सरोकार राख्ने विशिष्ट ऐन तथा नियमहरू लगायत संम्बन्धित राष्ट्रिय कानून तथा नीतिहरूको उल्लघंन गरेको
- वित्तिय अनुसासन पालना नगरेको : भ्रष्टाचार, कोष, सम्पत्ति वा सार्वजनिक कोषको दुरुपयोग,
- सिविन-नेपालको संस्थागत नीति तथा आचार संहिताको पालना नगरेको,
- संस्थाको स्वायत्ततामाथि आँच/संस्थाको सम्पत्तिको अपचलन
- सिविन-नेपालको बाल संरक्षण तथा सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा कार्यक्षेत्रमा यौन दुर्व्यवहार विरुद्धको नीतिको पालना नगरेको

## ३. प्रक्रिया

- सिविन-नेपालले आफ्ना सबै कार्यक्रम/केन्द्र तथा बाल हेल्पलाइनहरूमा गुनासो सुनवाईको सुझावपेटिका राखिने छ र सो पेटिका प्रत्येक हप्ताको आइतवार खोलिने छ ।
- सिविन-नेपालले सुशासन, ह्विसल ब्लोइङ्ग र गुनासो सुनवाई नीतिको कार्यान्वयनको निम्ति focal point को व्यवस्था गर्ने छ ।
- सम्बन्धित कर्मचारी, अधिकारकाधारक, समुदाय, लक्षित वर्ग र सरोकारवालाहरूले ह्विसल ब्लोइङ्गका लागि छुट्याइएको मोबाइल नम्बर ९८५१२०८४४७ वा सिविनको इमेल ठेगाना : cwin@mos.com.np वा पोष्ट बक्स नं. ४३७४, रविभवन, काठमाडौं नेपाल मार्फत सूचित गर्न सक्नु हुनेछ ।

## ४. गुनासो माथिको सम्बोधन

- रिपोर्ट/गुनासो प्राप्त भैसकेपछि सम्बन्धित व्यक्तिलाई जानकारी दिइनेछ ।
- रिपोर्ट गर्ने व्यक्तिलाई अनुसन्धान प्रक्रियाका बारेमा जानकारी दिइनेछ ।
- सिविन-नेपालले एउटा अनुसन्धान टिमको निर्माण गर्नेछ ।
- सो टिमले प्रतिवेदन तयार पार्नेछ ।
- राष्ट्रिय कानून तथा संस्थाको नीतिका आधारमा सिविन नेपालले आवश्यक कारवाही अगाडि बढाउनेछ ।
- सूचना दिने व्यक्ति निहित स्वार्थ वा बदलाको भावनाबाट निर्देशित भए नभएको प्रति सिविन नेपाल सजग रहनेछ ।

## ५. सूचनादाताको गोपनीयता तथा सहयोग

- सूचनादाताको गोपनीयता पूर्ण रूपमा कायम गरिनेछ ।
- सूचनादाता बालबालिका तथा किशोरकिशोरी भएमा थप संवेदनशिलता अपनाई बालमैत्री ढंगले प्रक्रिया अगाडि बढाइनेछ ।
- सूचनादाता विरुद्ध कुनै प्रतिशोध नलिइने कुरालाई सिविनले सुनिश्चितता प्रदान गर्नेछ ।
- यद्यपी, कर्मचारीको परिचय नखुलाई समस्या समाधान नहुने अवस्था सिर्जना भएमा (उदाहरणका लागि अदालतलाई प्रमाण चाहिएमा) सिविनले सम्बन्धित कर्मचारीसँग परामर्श गरेर मात्र परिचय खुलाउनेछ ।
- यसैगरी, दुरासयवस उठेको विषयको कुनै आधार नभएको थाहा पाएर पनि सानो कुरालाई मुद्दा बनाउने वा अर्को कर्मचारी/स्वयम्सेवकलाई डर देखाएर यस प्रक्रियामा जान नदिने वा वास्तविक समस्यालाई प्रक्रियागत रूपमा उठाउन नदिने जस्ता घटनाहरूमा सिविनले आरोपित कुनैपनि कर्मचारी माथि अनुशासनको कार्वाही अगाडि बढाउनेछ ।

# सिविन–नेपाल
# संस्थागत सुशासनको अपिल

सिविन–नेपाल बालबालिकाको अधिकार, उच्चतम हित र संरक्षणमा सदैब प्रतिबद्ध छ । संस्थागत सुशासन कायम गर्न तथा बालबालिका एवं संस्था प्रति जवाफदेही हुन सिविन–नेपालले आर्थिक अपचलन, भ्रष्टाचार, जालसाजी, ठगी, छल, झुठ, लैङ्गिक विभेद तथा बालदुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति लिएको छ । सिविन–नेपालका कर्मचारी, स्वयंसेवक तथा सेवा प्रदायकले आर्थिक अपचलन/भ्रष्टाचार/जालसाजी, ठगी/छल गरेको सूचना वा प्रमाण भएमा सिविन–नेपालको केन्द्रिय कार्यालयमा खबर गर्नुहोस् ।

तपाईले कुनैपनि कर्मचारी तथा सेवा प्रदायकको खराब आचरण/बालबालिका विरुद्ध दुर्व्यबहार/ लैङ्गिक तथा यौन हिंसा, महिला एवं अल्पसंख्यक तथा सिमान्तिकृत नागरिक विरुद्ध कार्यको कुनै पनि सूचना पाउनु भएमा प्रमाण सहित सिविन–नेपालको केन्द्रिय कार्यालयमा खबर गर्नुहोस् ।

तपाईले दिनु भएको कुनै पनि सूचना गोप्य राखिने छ र हामी ह्विसल ब्लोइङ्ग गर्ने वा सही सूचना दिने व्यक्तिको साथमा हुने छौं ।

हामी आशा गर्दछौं, तपाईंले दिनु भएको सूचना र जानकारी सत्य तथ्यमा आधारित र पूर्वाग्रह रहित हुनेछ ।

सूचना दिन सिविन–नेपालको मोबाईल नम्बर ९८५१२०८४४७ मा फोन वा एस.एम.एस.गर्न, सिविन नेपालको पो.ब.नं ४३७४ मा सूचना पठाउन अथवा cwin@mos.com.np मा इमेल गर्न अनुरोध गर्दछौं । प्राप्त सूचनाको आधारमा सिविन–नेपालले संस्थाको शून्य सहनशीलताको नीति अनुसार अनुसन्धान गरी आवश्यक कारवाही प्रकृया अगाडि बढाइने छ ।

धन्यवाद ।

CWIN

**सिविन–नेपाल**

*बालबालिकाको लागि, बालबालिकाको साथमा*